# साउथईस्ट डेनभर एलिमेन्टरी स्कूल
# साझा–पहुँच (सेयर्ड–एक्सेस) यातायात २०१५–१६

## साधारण जानकारी

- नयाँ दक्षिणपूर्वी (साउथईस्ट) यातायात जोन (क्षेत्र) मा बसोबास गर्ने सबै एलिमेन्टरी स्कूलका विद्यार्थीहरू आफ्नो जोनका कुनै पनि स्कूलमा जान यातायातको पहुँचका लागि योग्य हुनेछन् । यसमा ह्याम्पडेन हाइट्स, स्यामुएल्स र होल्म सामेल छन् ।
- सबै एलिमेन्टरी स्कूल विद्यार्थीहरू, उनीहरू जहाँ बसोबास गरे पनि आफ्नो जोनमा नयाँ यातायात पद्धति प्रयोग गर्न योग्य हुनेछन् ।
- बस सेवाका सबै बस बिसौनीहरू कुनै पनि बच्चाको घरबाट एक माइल भित्रमा पाउन सकिन्छ । धेरैजसो बिसौनीहरू स्कूलहरू, पार्कहरू वा समुदाय–आधारित बिसौनीहरूमा हुनेछन् ।
- तपाइँलाई आफ्नो बच्चाको बस तालिका विकसित गर्न सहयोग गर्न जुन २०१५ मा यातायात बस तालिका उपलब्ध हुनेछ ।

## दक्षिणपूर्वी डेनभर साझा–पहुँच जोन बस पद्धति :

- यो पद्धति पहेँला स्कूल बसहरूद्वारा सञ्चालनमा गरिनेछ ।
- विद्यार्थीहरूले दक्षिणपूर्वी डेनभर जोनभित्र कुनै पनि स्कूलका लागि बस चढ्न सक्नेछन् । जोनभित्रका डिस्ट्रिक्ट–सञ्चालित स्कूलहरू यस सेवा भित्र पर्नेछन् ।
- यस पद्धतिले प्रदान गरिएको बस चढेर जोन स्कूल जानका लागि विद्यार्थीहरूलाई बस बिसौनीमा पुग्नु आवश्यक गराउदछ ।
- यदि विद्यार्थीको स्कूल बस बिसौनीभन्दा नजिक पर्छ भने यातायात आवश्यक छैन ।
- विशेष–आवश्यकता भएका विद्यार्थीहरूलाई आफ्ना साथीहरूसँग बस चढ्ने बढी अवसरहरू हुनेछन् ।

## यातायात एफएक्युहरू (अक्सर गरेर सोधिने प्रश्नहरू)

अहिले मेरो बच्चालाई बसले मेरो घर नजिक वा मेरो घर अगाडिबाटै लिएर जान्छ । तपाइँहरू किन बस पद्धति परिवर्तन गर्दै हुनुहुन्छ ? हालको बस पद्धति निर्दिष्ट स्कूलहरू जाने योग्य विद्यार्थीहरूका लागि मात्र उपलब्ध छ । नयाँ बस पद्धतिले तपाईको जोनको कुनै पनि स्कूलमा जाने १००% एलिमेन्टरी स्कूलका विद्यार्थीहरूलाई यातायातको योग्यता प्रदान गर्नेछ । नयाँ बस बिसौनीहरू तपाईको घरबाट १ माइलभन्दा टाढा हुनेछैनन् र स्कूल पार्क, वा समुदाय–आधारित बिसौनीहरू जस्ता सुरक्षित स्थानमा अवस्थित हुनेछन् ।

बस पद्धतिले कसरी विशेष–आवश्यकता भएका विद्यार्थीहरूलाई सेवा दिनेछ ?
बसहरू विशेष आवश्यकता भएका बच्चाहरूलाई तिनीहरूका घरहरूबाट लिनका लागि आफ्नो नियमित मार्गलाई छोडेर त्यता तिर निस्कछन् र अन्य विद्यार्थीहरूलाई लिन सोही मार्गमा फर्किन्छन् ।

विद्यार्थीहरू दक्षिणपूर्वी डेनभर यातायात जोनभित्र बस्छन् र जोन बाहिरको स्कूल जान चाहन्छन् भने के हुन्छ ? यदि त्यस्ता जोन बाहिरका स्कूलहरूमा जाने बस उपलब्ध छन् भने र सिटहरू उपलब्ध छन् भने विद्यार्थीहरूले त्यस्तो यातायात प्राप्त गर्न सक्दछन् । विद्यार्थीहरूले यातायात अपवाद फाराम पूरा गर्न आबश्यक गराइएको छ ।

यो जानकारी कहिले अभिभावकहरूसँग साझा गरिनेछ ?
यस यातायात पद्धतिमा भएका सहभागी स्कूलहरू यातायातको वेबसाइट http://transportation.dpsk12.org मा पाउन सकिन्छ । बिसौनी समयहरूको ड्राफ्ट (मस्यौदा) लाई अझै अन्तिम रूप दिइ सकिएको छैन र त्यो जुन २०१५ मा उपलब्ध हुनेछ । जोन यातायातमा सहभागी हुने सबै स्कूलहरूले घरघर जानकारी पठाएर परिवारहरूसँग सञ्चार गर्नेछन् । स्कूलमा तपाईको घरको ठेगाना ठीक भएको सुनिश्चित गर्नु जरूरी छ ।

यदि मेरो विद्यार्थी म्याग्नेट कार्यक्रममा भए, मैले उनीहरूले कुन बस लिने भनी कसरी निर्धारण गर्ने ?
क्षेत्रदेखि बाहिरका म्याग्नेट स्कूलहरू जोनसेवाको भागमा पर्दैनन् । यातायातका लागि योग्य हुने विद्यार्थीहरूले उन/उनको जानकारी अगस्ट २०१५ मा प्राप्त गर्नेछन् । यस सेवामा कुनै पनि परिवर्तनहरू हुनेछैनन् ।

मेरो विद्यार्थी कति छिटो बस बिसौनीमा पुग्नुपर्छ वा स्कूलमा कति बेला पुऱ्याइनु पर्छ ?
विद्यार्थीहरूले छनोट गरिएको बस बिसौनीमा समयभन्दा दश मिनट अगावै आइपुग्नु पर्छ । स्कूलमा पुऱ्याइने विद्यार्थीहरूलाई स्कूलको घण्टी लाग्ने समयभन्दा २०–२५ मिनेट भन्दा अगाडी स्कूल पुऱ्याइनु हुँदैन । कृपया आफ्नो स्कूलमा ब्रेकफास्टको लागि स्कूल कति छिटो खुल्छ भन्ने कुरा पत्ता लगाउनुहोस् । त्यसपछि स्कूलमा तोकिएको समयमा पुग्नका लागि बस र विद्यार्थीहरू कुन समयमा बस बिसौनीमा पुग्नुपर्छ भनी निर्धारण गर्न बस तालिका हेर्नुहोस् ।

### मेरो विद्यार्थीले कहाँ बस कुर्नुपर्दछ र उनीहरूले कसरी बसको पहिचान गर्दछन् ?

प्रत्येक स्कूलका स्पष्ट रूपमा पहिचान भएका लिने/ओराल्ने स्थानहरू हुनेछन् जसलाई अगस्टमा विद्यार्थी यातायात पत्र मार्फत सञ्चार गरि घर पठाइनेछ। बसहरूमा अगाडिको यात्री झ्यालमा सूचनाबोर्ड (प्लाकार्ड) हुनेछ जसले बसले यात्रा गरिरहेको रुट पहिचान गर्नेछ। विद्यार्थीहरू र अभिभावकहरूलाई आफू चढ्ने बसको रूट नम्बर सम्झिन प्रोत्साहित गरिन्छ।

### यातायातले कसरी मेरो बच्चालाई सुरक्षित वातावरण प्रदान गर्दछ ?

विद्यार्थीहरूका लागि सुरक्षा अभिभावकहरू, विद्यार्थीहरू र स्कूलहरूको संयुक्त प्रयाश हो। यो सहभागितात्मक प्रयाश हो र हरेकलाई यो नयाँ यातायात पद्धति सफल बनाउनका लागि अनुरोघ गरिन्छ। बस बिसौनीहरूमा बुलिइङ र झैझगडाका लागि शून्य सहनशीलता अपनाइनेछ। यातायातले सकारात्मक हस्तक्षेप सहयोग पद्धतिलाई प्रयोगमा ल्याएको छ। व्यवहार पुन:निर्देशित गर्न र विद्यार्थी सुरक्षा सुनिश्चित गर्ने प्रयासस्वरूप चालकले सबै चासोहरू सम्बोधन गर्नेछन्। नकारात्मक व्यवहार दोहोरिइरहेमा विद्यार्थीहरूले आफ्नो बस चढ्ने सुविधा गुमाउन सक्छन्। पिबिआइएस कार्यक्रम सम्बन्धी विस्तारित जानकारी डिपिएस यातायात वेबसाइट http://transportation.dpsk12.org मा पाउन सकिन्छ।

### मेरो बच्चा बसमा छ भन्ने कुरा मैले कसरी थाहा पाउने ?

+पास (प्लस पास) द्वारा, २०१३ मा उपलब्ध भएको डिपिएस विद्यार्थी सवारी पद्धतिले स्कूलहरू र अभिभावकहरूलाई अब सजिलो वास्तविक समय पहुँच पुग्दछ। अभिभावकहरूले आफ्ना विद्यार्थीको स्कूलमा सम्पर्क राख्न सक्छन् वा अभिभावक पोर्टल मार्फत सवारी जानकारी प्राप्त गर्न सक्छन्। डिपिएसका पहेँलो स्कूल बसमा यात्रा गर्ने सबै यातायात योग्य विद्यार्थीहरूले उनीहरूको +पास (प्लस पास) प्रयोग गर्ने आशा गरिन्छ। अधिक जानकारीका लागि आफ्नो स्कूलमा सम्पर्क राख्नुहोस् वा http://transportation.dpsk12.org हेर्नुहोस्।

### मेरो बच्चाले अर्कै बस बिसौनीमा ओर्लिन चाह्यो भने के हुन्छ ?

यातायातले विद्यार्थीहरूलाई आफ्नो निर्धारित बस बिसौनीमै ओर्लिन प्रोत्साहित गर्दछ, यद्यपि हामी विद्यार्थीहरूलाई अर्कै बस बिसौनीमा ओर्लनबाट निशेध गर्न सक्तैनौं।

### मेरो बच्चाले उस/उनको बस बिसौनी छुटायो भने के हुन्छ ?

यदि विद्यार्थी आफ्नो बस बिसौनी छुटायो भने वा ओर्लिन बिर्सियो भने, उनीहरूले चालकलाई सूचीत गर्नुपर्छ र बसमै बसिरहनु पर्दछ। चालकले विद्यार्थीले उस/उनको बस बिसौनी छुटाएको कुरा रेडियो डिस्प्याचलाई सूचीत गर्नेछन् र उस/उनलाई सबै बिसौनीहरू पूरा गरिसकेपछि सही बस बिसौनीमा ओराल्नेछन्।

### मैले मेरो बच्चा भेटिनँ भने कसलाई फोन गर्नुपर्दछ ?

रेडियो डिस्प्याचलाई ७२०–४२३–४६२४ मा फोन गर्नुहोस्, कार्यालय सञ्चालन समय बिहान ५:४५ देखि बेलुकी ६ बजे सम्म, वा सुरक्षा र संरक्षणलाई ७२०–४२३–३९११ मा फोन गर्नुहोस्। यदि विद्यार्थीहरूले +पास (प्लस पास) प्रयोग गरे भने, यसले यातायातलाई उनीहरूको स्थान छिटै पत्ता लगाउन मद्दत गर्दछ। हालमा +पास (प्लस पास) भएका विद्यार्थीहरूले सधैं बस चढ्दा र ओर्लंदा, सो कार्ड स्क्यान गराउनु पर्दछ। यदि तपाईको विद्यार्थीसँग कार्ड छैन भने, तपाईको स्कूल मार्फत प्रतिस्थापित पास पुन जारी गर्नका लागि अनुरोध गर्नुपर्दछ।

### मलाई बस चढ्ने र ओराल्ने स्थानबारे प्रश्न छ, मैले कसलाई फोन गर्नुपर्दछ ?

इातायातलाई ७२०–४२३–४६०० मा वा आफ्नो स्कूलमा फोन गर्नुहोस्। अपडेटहरूका लागि तपाईं हाम्रो वेबसाइट http://transportation.dpsk12.org वा अभिभावक पोर्टलमा हेर्न सक्नुहुन्छ।